लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय बर्दिया
गुलरिया, नेपाल

पत्र संख्याः २०८३/०८४
च.नं.: १०३

मितिः २०८३/०४/१३

**बिषयः सूचना वेभसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिने सम्बन्धमा ।**

श्री वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

श्री वन निर्देशनालय
बुटवल, रुपन्देही

प्रस्तुत बिषयमा सितल वन छाया सामुदायिक वन, वढैयाताल गापा-४ पुष्पनगर खैरेनी, बर्दिया को प.सं. २०८३/०८४, च.नं. ०२, मिति २०८३/०४/१३ को पत्रसाथ संलग्न वनपैदवार बिक्री सम्बन्धी सूचना यस कार्यालयमा प्राप्त भएकोले समूहको माग अनुसार ताहाँको वेभसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराई दिनुहुन सादर अनुरोध छ ।

नि. डिभिजनल वन अधिकृत

**बोधार्थः**

श्री सितल वन छाया सामुदायिक वन, वढैयाताल गापा-४ पुष्पनगर खैरेनी, बर्दिया : ताहाँबाट प्राप्त सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै वेभसाईटमा समेत अपलोड गरिएको ब्यहोरा जानकारी गराईन्छ ।

# श्री सितल वनछाँया सामुदायिक वन उपभोक्ता समूह

बढैयाताल-४, बर्दिया

मितिः २०८३।०४।१३

प.सं.- २०८३।०८४

च.नं.- ०२

**विषयः वेबसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिने सम्बन्धमा ।**

श्री डिभिजन वन कार्यालय, बर्दिया

गुलारिया बर्दिया ।

प्रस्तुत विषयमा खडा मुल्याङकनबाट गरिएको काठ/दाउरा लिलाम बिक्री सम्बन्धि बिस्तृत सूचना पाना २ को १ थान यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । उक्त सूचना वन तथा वातावरण मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) र वन निर्देशनालय, बुटवलको वेबसाईटमा अपलोड गर्नका लागि तहाँबाट नै जानकारी पठाईदिनुका साथै तहाँको वेबसाईटमा समेत अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

श्री वन अ.

०८३।४।१३

(..........................)

अध्यक्ष

रमिला वि.

अध्यक्ष

डिभिजन वन कार्यालय, बर्दिया

दर्ता नं. :- २८८

मिति :- ०८३।०४।१३

अध्यक्ष

# श्री सितल वनछाँया सामुदायिक वन उपभोक्ता समूह

बढैयाताल-४, बर्दिया

## काठ ।दाउरा बोलपत्र द्धारालिलाम विक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति २०८३।०४।१३ गते यस समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.ब २०७९।०८० मा उत्पादन भई डिभिजन वन कार्यालय बर्दियाको च.न.८९ ,मिति २०८३।०४।११ गतेको लिलाम सहमति पत्रानुसार समुहको घाटगद्धीमा रहेको निम्न परिमाणको गोलिया काठ ।दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि बोलपत्र द्धारा लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। ईच्छुक काठ ।दाउरामा आधारित उद्योगले सन्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत उद्योगले यो सूचना **श्री मिसन टुडे राष्ट्रिय दैनिक पत्रीका,** प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनको कार्यालय समय भित्र यस समुह वा डिभिजन वन कार्यालय बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र दाखिला गर्न आह्वान गरिन्छ ।

(१) वन पैदावारको विवरण : तपशिल

लट नं.१ (२०८२।०८३)

| सि.न. | जात | ग्रेड | गोलिया थान | परिमाण(घ.फि.) | दर | न्युनतम मुल्य रु. | संकलन खर्च रु |  | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  |  |  | दर | जम्मा रु |  |
| १ | खयर | N | ३१ | ५२.८५ | १००० | ५२८५० | १४२ | ७५०४.७ |  |
| जम्मा |  |  | ३१ | ५२.८५ | १००० | ५२८५० | १४२ | ७५०४.७ |  |

(२) **जम्मा** बोलपत्र खरिद दाखिला गर्नु पर्ने अन्तिम मिति र समय :

(क) खरिद गर्नुपर्ने अन्तिम मिति र समय : २०८३।०५।०२ गते कार्यालय समय भित्र

(ख) दाखिला गर्नुपर्ने अन्तिम मिति र समय : २०८३।०५।०३ गते दिउँसो १२:०० बजे भित्र

(३) बोलपत्र साथ कबोल गरेको रकमको १०% ले हुना आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय बाणिज्य बैंक लि. गुलारिया शाखामा रहेको खाता नं.४१४०१००१००६९१००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

(४) बोलपत्र फारम लट १ को रु ३००/- पछि फिर्ता नहुने गरि तिरी यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समुहको घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ ।

(६) लिलाममा भाग लिन काठ ,दाउरामा आधारित उद्योग सन्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत ईच्छुक उद्योगले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागारिकताको प्रमाणपत्रको प्रतिलिपी ,उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी ,मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र वा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्रको प्रतिलिपी कर दर्ता प्रमाण पत्रको प्रतिलिपी र उद्योग सुचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(७) निर्धारित न्युनतम सँख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०५।०३ गते यस समुहको कार्यालयमा दिउँसो १:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ। सो दिन सार्वजनिक विदा परेमा सो को लगतै भोलिपल्ट खोलिनेछ।

(८) लिलाम स्विकृत भएपछि नियमानुसार साकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर सङ्कलन खर्च बुझाई लिलाममा बढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ।

(९) बोलपत्रमा साकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

(१०) बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहमा निहित रहनेछ।